कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
शैक्षिक विकास महाशाखा

## सीप परीक्षण मुल्यांकनकर्ता तालिम (Skill Test Assessor Training) सम्वन्धी आवेदन माग सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/१९

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोश्रो (NVQS-II) को आर्थिक सहयोग प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, कर्णाली प्रदेश कार्यालय/ राष्ट्रिय सीप परीक्षण समिति (NSTB) तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) को सहकार्यमा, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतमा संचालन हुने ५ दिने सीप परीक्षण मूल्यांकनकर्ता तालिम (Skill Test Assessor Training) मा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक विषयका तपशिलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले मिति २०८३/०१/०३ गते भित्र, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको इमेल edumosdkarnali@gmail.com वा स्वयं उपस्थित भई आवेदन फाराम सहित आवश्यक कागजपत्रहरु पेश गर्न नेपाल ब्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशमा स्वयम् उपस्थित भई आबेदन पेश गर्नहुन अनुरोध गरिन्छ । आवेदन फारम www.ctevtkarnali.org.np वा www.mosd.karnali.gov.np बाट डाउनलोड गरि वा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशबाट सक्कल प्रति प्राप्त गरी आवेदन दिन सकिनेछ ।

### सहभागी छनौटका लागि शर्त तथा मापदण्डहरु

**१. निवेदन पेश गर्न सकिने विषयहरु**

| क्र.स. | पेशा | क्र.स. | पेशा |
|---|---|---|---|
| १. | कन्स्ट्रक्सन मेसन (Construction Mason) | ६. | टाईल मार्बल फिक्सर (Tile Marble Fixer) |
| २. | प्लम्बर (Plumber) | ७. | गार्मेन्ट फेब्रिकेटर (Garment Fabricator) |
| ३. | कम्प्युटर हार्डवेयर/नेटवर्क टेक्निसियन (Computer HW and Network Technician) | ८. | सेल, मोबाईल फोन टेक्निसियन (Cell/mobile phone technician) |
| ४. | बिल्डिंग पेन्टर (Building Painter) | ९ | ब्युटिसियन (Beautician) |
| ५. | वेल्डर (Welder) | | |

**२. तालिममा सहभागी हुनका लागि आवश्यक योग्यता:**

क. कम्तिमा एस.इ.इ./एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित पेशा/व्यावसायमा राष्ट्रिय सीप परीक्षण समितिको कम्तिमा तह ३ उत्तीर्ण गरि कम्प्यूटरमा सामान्य ज्ञान भएको

वा,

ख. उल्लेखित पेशा/व्यावसायसँग सम्बन्धित विषयमा कम्तिमा डिप्लोमा वा सो भन्दा माथिको तह (स्नातक) तह उत्तीर्ण गरि कम्पूटरमा सामान्य ज्ञान भएको

ग. कर्णाली प्रदेशमा स्थायी ठेगाना भएको वा कर्णाली प्रदेशमा रही सम्बन्धित पेशामा संलग्न भई सीप मूल्यांकनकर्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्ति ।

घ. आवश्यकता अनुसार सीप मूल्यांकनको समयमा सीप परीक्षण मूल्यांकनकर्ताको रुपमा उपलब्ध हुन सक्ने व्यक्ति ।

**३. छनौटका आधारहरु**

पेशा/व्यावसायसंग सम्बन्धित योग्यता, आवेदकको सामाजिक समूह (महिला, दलित, जनजाती, अल्पसंख्यक), संग्लग्नता र कार्यअनुभव । छनौटका लागि सम्बन्धित पेशा/व्यावसायको माथिल्लो तहको प्रमाणपत्रलाइ प्राथमिकता दिइनेछ ।

**४. आवेदन फारमका साथ पेश गर्नुपर्ने कागजातहरु**

नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, सीप परीक्षणका प्रमाणपत्रहरु, सम्बन्धित पेशा/व्यावसायमा भएका कार्यअनुभवको कागजातहरु, लक्षित वर्ग जनाउने सिफारिसपत्र र बसाई-सराई वा विवाह गरी आएको भए सो सम्बन्धित कागजातहरु र सम्बन्धित पेशाका संघ/महासंघहरुको सिफारिस।

**५. तालिम अवधि र समय:**

सीप परीक्षण मूल्यांकनकर्ता (Assessor) तालिमको अवधि ५ दिनको हुनेछ र समय बिहान ८:०० बजे देखि बेलुकी ५:०० सम्म हुनेछ, तालिम अवधिभर पुरा समय सहभागी हुनु पर्नेछ र तालिम समाप्त पश्चात प्रमाणपत्र तथा सीप मूल्यांकनकर्ता परिचय पत्र प्रदान गरिनेछ ।

६. तालिमका लागि छनौट भएका आवेदकहरुलाई टेलीफोन वा SMS मार्फत जानकारी गराइने छ, कुनै कारणले सम्पर्क हुन नसकेमा आवेदक स्वयम् जिम्मेवार हुनुपर्ने छ ।

७. कागजात अपुग रहेको र पूर्ण रुपमा नभरिएको आवेदन स्वीकार गरिने छैन ।

८. तालिम सम्पन्न भएपछी नियमानुसार तालिम अवधिको निर्वाहभत्ता उपलव्ध गराइनेछ ।

९. छनोट भएका सहभागीहरुले तालिममा आउदा पहिलो दिन नै उल्लेखित सक्कल कागजातहरु ल्याउनुपर्ने छ ।

.............................
सुवर्ण कुमार खड्का
(उपसचिव)

नोट :

१. थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-II), प्रदेश परियोजना सहयोग सहयोग इकाईको फोन न. ०८३-५९०९८९ मा सम्पर्क गर्नुहोला वा सम्पर्क व्यक्तिहरु; जनक सुवर्णकार-९८४८५५२२५५ र राजेश शोनी-९८४८०६३७२२ लाइ सम्पर्क गर्न सक्नुहुनेछ ।

पुनाश्चः इमेलमा आबेदन पठाईसकेपछी सुनिश्चितता गर्नहुन अनुरोध छ ।